# फतुवा विजयपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## लक्ष्मिनियाँ, रौतहट।

## प्रदेश नं.२, नेपाल।

### आ.व. २०७७/०७८ को लागि आन्तरिक आयको ठेक्का वन्दोवस्त सम्बन्धि

### बोलपत्र अवहानको सूचना।

**(प्रथम पटक प्रकाशित मिति २०७७/०९/०२ गते)**

स्थानीय सरकार सञ्चालन ऐन् २०७४ को दफा ११ (घ) को (६) र दफा ६४ (च) बमोजिम फतुवा विजयपुर नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने ढुंगा, गिट्टी, बालुवा, रोड (दहत्तर बहत्तर समेतको) लगाउतका नदिजन्य सामाग्रीहरुको विक्रीबाट कर/शुलक/दस्तुर संकलन गर्न चालु आ.व.को जेष्ठ मसान्तसम्मको लागि आन्तरिक आय ठेक्काहरु बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित ठेक्का विवरण र शर्तहरुको अधिनमा रही इच्छुक योग्य फर्म वा कम्पनिहरुले कार्यालयबाट बोलपत्र फारम खरिद गरि फर्म वा कम्पनी दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर (VAT) को प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७५/७६ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि सहित सो फर्म वा कम्पनी तोकिएको दस्तुर रकम यस कार्यालयका ग्लोबल आई.एम.ई.बैंक लि. विजयपुर शाखामा रहेको आन्तरिक राजश्व खाता E604010000007 मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी रितपुर्वकको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र आब्हानको यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल</u> :

| क्र.सं. | ठेक्का नं. र आर्थिक वर्ष | ठेक्काको कार्य क्षेत्रको विवरण | उत्खनन् हुने अधिकतम परिमाण (घन मिटरमा) | बोल कबोल गर्नुपर्ने न्यूनतम रकम अंक वार्षिक (VAT बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी राख्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | ०१/०७७/०७८ | बकैया खोला रांगी, गर्जा, बुटवा, भैसही, लक्ष्मिनियाँ, घुसुकपुर नाका | ७७२२० | १७००००००।- एक करोड सत्तरी लाख मात्र | ३०००।- | बोल कबोल रकम अंकको ५% ले हुन आउने रकम |

**<u>शर्तहरू :</u>**

१. ईच्छुक बोलपत्रदाताहरुले रु.३००० तिन हजार मात्र दस्तुर फिर्ता नहुने गरि कार्यालयको नगदी रसिद वा बैंक भौचर संलग्न गरि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन वा मिति २०७७/१०/०१ गते विहीबार कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गरि सक्नुपर्नेछ।

२. बोलपत्र फारम भरी दर्ता गर्ने अन्तिम मिति २०७७/१०/०२ गते शुक्रबार दिनको १२ बजे भित्र र कार्यालयमा दर्ता भएका बोलपत्र फारम खोल्ने मिति २०७७/१०/०२ गते शुक्रबार दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएको बोलपत्र फारम खोल्न बाधा पर्नेछैन।

३. बोलपत्र फारम खरिद एवं दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको कार्यालय खुलेको दिनलाई क्रमश: अन्तिम दिन मानिनेछ।

४. शर्त सहितको बोलपत्र फारम मूल्यांकनमा समावेश गरिनेछैन। बोलपत्रदताले बोल कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ, अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। काटेको अंक र अक्षरमा बोलपत्रदाताको दस्तखत गर्नुपर्नेछ अन्यथा मान्यता दिइनेछैन।

५. बोलपत्रदाताको बोलपत्र दर्ता गर्दा आफुले बोल कबोल गरेको रकम अंकको ५% ले हुन आउने रकम ग्लोबल आई.एम.ई.बैंक लि. विजयपुर शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. E604010000007 खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको कम्तिमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ पेश गर्नुपर्नेछ।

६. ठेक्का स्वीकृत पश्चात बोलपत्रदाताले बोल कबोल गरेको जम्मा रकमको ५०% ले हुन आउने रकम सम्झौता गर्नुपूर्व कार्यालयमा नगद जम्मा गर्नुपर्ने र बाँकि ५०% रकमको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकको कम्तिमा २०७८ अषाढ मसान्त सम्मको म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ। बोलपत्रदाताको सम्झौताको समयमा ठेक्काको बोल कबोल गरेको सम्पूर्ण रकम कार्यालयमा एकमुष्ट बुझाएमा

ठेक्काको बोल कबोल गरेको कर बाहेकको रकमको अंकको सहुलयत स्वरुप १०% ले हुन आउने रकम छुट दिन सकिनेछ। ठेक्का अवधिमा अन्य कुनै किसमको छुट, माफी, मिनाहा समेत मागदावी गर्न पाइनेछैन। स्वीकृत भएको बोलपत्रको सम्वन्धित बोलपत्रदाताले तोकिएको समायवधी भित्र कार्यालयमा समझौता गर्न नआएमा निजलाई यस कार्यालयको कालो सूची (Black List) मा राखिनेछ।

७. बोलपत्रदाताले बोल कबोल गरेको रकम अंकको १३% ले हुन आउने मूल्य अभिवृद्धि कर (VAT) को रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालय वा करदाता सेवा कार्यालयमा बुझाउनुपर्नेछ। सो वाहेक प्रचलित ऐन् नियमानुसार बुझाउनुपर्ने आयकर लगायत अन्य कर, दस्तुर तथा शुल्क समेतको करको रकम बोलपत्रदाता/ठेकेदार स्वंयमले सम्वन्धित कार्यालयमा बुझाउनुपर्नेछ।

८. ठेक्का अवधी चालु आ.व. २०७७/७८ को सम्झौता गरि कार्यादेश दिएको मितिदेखि प्रारम्भ भई २०७८ जेष्ठ मसान्तसम्म मात्र हुनेछ।

९. बोलपत्रको प्रत्येक पाना/पेजमा बोलपत्रदाताले सहिछाप गरेको हुनुपर्नेछ, ठेकेदार र कार्यालय बिच ठेक्काका शर्तहरुको सम्बन्धमा कुनै विवाद सृजना भएमा फतुवा विजयपुर नगर कार्यपालिकाकले गरेको निर्णय अन्तिम हुनेछ। सो निर्णय उपर कुनै उजुर बाजुर लाग्नेछैन। बोलपत्र फारम स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ।

१०. कर, शुल्क, दस्तुर संकलन गर्ने रसिदहरु ठेक्का शिर्षक अनुसार ठेक्दारले आफ्नै तर्फबाट छपाई कार्यालयबाट दस्तखत गराई छाप लागएर कार्यालयमा रसिद नंम्बर दाखिला गराएपछि मात्र कर, शुल्क, दस्तुर संकलन गर्न प्रयोगमा ल्याउनुपर्नेछ। ठेकेदारले मासिक रुपमा विक्री गरेको विवरण यस कार्यालयमा पेश गर्नुपर्नेछ। विवरण पेश नगरेको कारण कार्यालयबाट ठेक्काको संकलन/उत्खनन कार्य गर्न रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जना दाबि गर्न पाउने छैन। रित नगि वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन।

११. ठेकेदारले ढुंगा, गिट्टी र बालुवा संकलन/उत्खनन कार्य गराउँदा लाल बकैया खोलाको स्वीकृत (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पूर्ण रुपमा पालना गर्नुपर्नेछ। (IEE) प्रतिवेदनका शर्तहरु पालना गर्दा वातावरणीय नकारात्मक प्रभाव न्यूनिकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले व्यहोर्नुपर्नेछ। नेपाल सरकारबाट वन्देज लगाईएको अवधिमा खोलाबाट नदीजन्य पर्दाथ झिक्न पाईने छैन र सो अवधिको क्षती वा मिनाहाको लागि कार्यालयमा माग दावी गर्न पाइनेछैन।

१२. सम्मानित अदालत, नेपाल सरकारको नीति, निर्देशन तथा आदेशको पालना गर्नु गराउनु र कार्यन्वयन गर्नु सम्बन्धित ठेकेदारको कर्तव्य एवं दायित्व हुनेछ।

१३. नदि जन्य पदार्थ उत्खनन गर्न ठुला मेशिनरी उपकरण प्रयोग गर्नु पर्ने अवश्थामा यस नगर कार्यपालिकाको वैठकबाट निर्णय भए बमोजिम हुनेछ।

१४. राष्ट्रिय राजमार्ग वा सहाएक राजमार्गमा ढाट(तगारो) राखि वा अन्य कुनै प्रकारको अवरोध खडा गरि कर शुल्क दस्तुर लिन पाइने छैन। तोकिएको कर, शुल्क, दस्तुर संकलन स्थानमा दर रेट सहितको होडिङ्ग बोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ।

१५. तोकिएको किस्ताको रकम म्याद भित्र कार्यालयमा नबुझाएमा कार्यालयको तर्फबाट ठेक्का तोडी बुझाउन बाँकी किस्ताको रकम ठेकेदारले कार्यालयमा पेश गरेको बैंक जमातनको रकमबाट असुल उपर गरिनेछ। सो अवस्थामा बुझाउन बाँकी रकमको १०% ले हुन आउने रकम थप जरिवाना समेत जोडि सरकारी रकम बाँकी सरह असुल उपर गरिने प्रकृया अगाडी बढाइने छ। र त्यस्तो ठेकेदारलाई यस कार्यालयको कालो सूचि (Black List) मा राखिने छ।

१६. नदि किनारा तथा आसपासका वनस्पति र जिव जन्तुलाई असर नपर्ने गरि राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गका दायाँ बायाँ निशेषध गरिएका स्थान बाहेक तोकिएको स्थानहरुबाट मात्र नदिको वहाव परिवर्तन नहुने गरि बिहान सूर्य उदय देखि बेलुका सूर्यास्त सम्म मात्र नदिजन्य पदार्थहरु झिक्न पाइनेछ। हावा चलेको वेला पानि चुहिने गरि धुलो उड्ने गरि ढुवानी गर्न पाइने छैन। ढुवानी गर्दा छोपेर प्रचलित कानुनको अधिनमा रहि गर्नु पर्नेछ। अन्यथा नियमानुसार कानुनि कार्यवाही गरिनेछ।

१७. मोडरेवल पुल, कजवे तथा कल्भर्टबाट दुवै तर्फका पुलहरुको ५०० मिटर अपस्ट्रिङ्ग र ५०० मिटर डाउनस्ट्रिङ्ग सम्म सामग्रीहरु निकाल्न निषेध गरिएको छ। घाट सम्म जाने सडकको निकाश तथा र त्यसको आर्थिक दायित्व ठेकेदार आफैले व्यवस्था गर्नुपर्नेछ।

१८. नदिजन्य सामग्रीहरुको ढुवानी गर्दा राजमार्गलाई असर पर्ने गरि सडक निर्माण गर्न पाईनेछैन, असर नपर्ने गरि सडक निर्माण गर्दा लाग्ने खर्च ठेकेदारले व्यहोर्नुपर्नेछ, सडक निर्माण गर्दा स्थानियस्तरमा विवाद भएमा त्यसको सामाधान गर्ने जिम्मेवारी सम्बन्धित ठेकेदारको हुनेछ। सार्वजनिक आवागमनमा वाधा अवरोध हुनेगरि सामग्रीहरु जम्मा गर्न पाइनेछैन।

१९. ठेक्का व्यवस्थापन गर्दा बालश्रम प्रयोग गर्न निषेध गरिएको छ। मजदुरको दैनिक ज्यालको हकमा फतुवा विजयपुर नगरकार्यपालिकाको वैठकबाट स्वीकृत ज्याला दर रेटमा कम नहुने गरि ज्याला दिनु पर्नेछ।

२०. संकलित नदि जन्य पदार्थहरुको ढुवानी ठेक्का कार्यअवधि भित्रै सम्पन्न गरि सक्नुपर्नेछ। ठेक्काको वदोवस्त अवधि पश्चात बाँकी रहेको संकलित नदि जन्य पदार्थहरु/सामग्रहीहरु यस कार्यालयको नियन्त्रण, स्वामित्व र व्यवस्थापन अन्तर्गत रहनेछ, त्यसप्रकारको सामग्रीहरु माथि बोलपत्रदाता/ठेकेदारको कुनै प्रकारको माग दावि रहने छैन, उजुरवाजुर लाग्ने छैन।

२१. आर्थिक वर्ष २०७६/७७, २०७७/७८ मा यस कार्यालयबाट बोलपत्र आवहान गरि स्वीकृत भएका तर कार्यालयमा सम्झौता गर्न नआएको कारणबाट धरौटी रकम जफत गरिएका बोलपत्रदाताहरुको बोलपत्र फारम मूल्याङ्कनमा समावेश गरिनेछैन।

२२. यस सूचना र पट्टा/सम्झौतामा खुलाईएका शर्तहरुको हकमा सोही बमोजिम र अन्य शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

077/08/02

प्रमोद कुमार गुप्ता
प्रमुख प्रशासकीय अधिकृत